# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

९ असोज, २०७७

### डा. गोविन्द के.सी. सँग भएका सम्झौताहरुको कार्यान्वयन स्थिति सार्वजनिक गर ।

### डा. के.सी. को जीवन रक्षाप्रति संवेदनशील बन ।

चिकित्सा शिक्षा सुधारको लागि नेपाल सरकारसँग विगतमा भएका सम्झौताहरुको कार्यान्वयनको माग राखी जुम्लाको चन्दननाथ नगरपालिका-६ स्थित बाबिरामष्ट मन्दिरमा गत भदौ २९ गतेदेखि आमरण अनसनमा रहेका डा. गोविन्द के.सी.को स्वास्थ्य अवस्थाप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगको कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला र प्रदेश कार्यालय वागमतीले अनसनस्थल जुम्ला देखि नै निरन्तर अनुगमन गरिरहेको छ । स्वास्थ्य अवस्था विग्रिँदै गएकोले अनसनको नवौं दिन डा. के.सी. लाई नेपालगञ्ज हुँदै काठमाडौं ल्याई वीर अस्पतालस्थित ट्रमा सेन्टरमा लगिएपनि उहाँलाई हाल त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा राखिएको पाइएको छ । उहाँको स्वास्थ्य अवस्था स्थिर रहेको, शरीरको पोटासियम, म्याग्नेसियम र ग्लुकोजको मात्रा कम हुँदै गएको, पटक-पटकको अनसनका कारण शरीरमा रोग प्रतिरोधात्मक क्षमता कमजोर रहेकोले संक्रमणको उच्च जोखिम रहेको अनुगमनको क्रममा बुझिएको छ ।

यसैक्रममा डा. के.सी. को जीवन रक्षाको लागि आवश्यक पहल गरिदिन अनुरोध गर्दै नेपाल चिकित्सक संघ लगायत विभिन्न संघ संस्थाहरुले आयोगमा ज्ञापन पत्र पेश गरेकोप्रति पनि आयोगको ध्यानाकर्षण भएको छ ।

चिकित्सा शिक्षा जस्तो आधारभूत मानव अधिकारको विषयप्रति संवेदनशील हुन, डा. के.सी. सँग नेपाल सरकारले विगतमा पटक-पटक गरेका सम्झौताहरुप्रति गम्भीर हुँदै उहाँको जीवन रक्षाका लागि हरसम्भव प्रयास गर्न तथा विगतमा भएका सम्झौतहरुको कार्यान्वयन स्थिति सार्वजनिक गर्न पनि आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । साथै, आपसी विमतिका विषयहरु वार्ता र संवादको माध्यमबाट समाधान गर्न तथा आमरण अनसन जस्तो जीवन नै जोखिममा पर्नसक्ने जटील विकल्प नरोज्न पनि आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ ।

..................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org